नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कालीकोट

फोन नं. ०८७ - ४४०११२
फ्यास नं. ०८७ - ४४०१६२
Email : dao.kalikot@gmail.com
daokalikot@moha.gov.np

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय कालिकोट

पत्र संख्या : २०८२/०८३
चलानी नं.

मितिः२०८२।०५।३१
ने.सं.११४५

## वर्षातको समयमा सतर्कता तथा सावधानी अपनाउने सम्बन्धी सूचना।

जल तथा मौसम विज्ञान महाशाखाको मौसम पूर्वानुमान सम्बन्धी सूचना अनुसार हिमाली जिल्लामा हिमपात र मध्यम वर्षाको सम्भावना रहेकोछ। मौसम पूर्वानुमान अनुसार वर्षात समेत भइरहेकोले देहाय अनुसार गर्नु गराउनु हुन जानकारी गराइन्छ। विपदबाट बच्न र बचाउन सूचना सम्प्रेषण, उद्धार र राहतमा जुटन सम्बद्ध सबैमा जिल्ला विपद् व्यवस्थापन समिति सबैमा हार्दिक अनुरोध गर्दछ।

तपसिलः

- पहिरोको सम्भावित क्षेत्रका नागरिकहरुले आवश्यक सावधानी अपनाई, सुरक्षित स्थानमा अस्थायी वसोवासको व्यवस्था मिलाउने।
- कर्णाली, तिला लगायतका नदी किनाराका वस्तीका वासिन्दाले आवश्यक सुरक्षा सावधानी अपनाउने।
- यात्रा गर्नु पूर्व र गरे पश्चात मौसम सम्बन्धी जानकारी लिने, आवश्यक सुरक्षा उपाय अपनाएर मात्र यात्रा गर्ने।
- वर्षातको समयमा खोला किनारामा नदीजन्य पदार्थ, काठ, दाउरा, माछा मार्ने, गाइवस्तु चराउने प्रयोजनार्थ नजाने/ कसैलाई नपठाउने।
- विपतको समयमा बढी जोखिममा रहने गर्भवती महिला, वालवालिका, ज्येष्ठ नागरिक, अपाङ्ग र अशक्त भएका व्यक्तिको विशेष हेरचाह र संरक्षणको व्यवस्था गर्ने।
- कुनै विपद् सम्बन्धी घटना भएमा स्थानीय प्रहरी चौकी, वडा कार्यालय, स्थानीय तह र देहायका नम्वरमा तुरुन्त सम्पर्क गर्ने।

सम्पर्क नम्वरहरुः

(क) जिल्ला प्रशासन कार्यालय, कालीकोट ९८५८३३७७७७
(ख) नेपाली सेना देवि बक्स गुल्म, कालीकोट ९८४११३४२०५
(ग) जिल्ला प्रहरी कार्यालय, कालीकोट १००/९५८३३५५५५
(घ) सशस्त्र प्रहरी बल नेपाल, आश्रित गुल्म, कालीकोट ९८४९५१६९९६
(ङ) राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, कालीकोट ९८४७८३७०६६
(च) DEOC कालीकोट ९८४८३२१४२८
(छ) स्थानीय तहहरु, स्थानीय आपतकालीन कार्यसंचालन केन्द्र।

२०८२/०५/३१
..................
(गोकर्ण राज सुयल)
प्रमुख जिल्ला अधिकारी

गोकर्ण राज सुयल
प्रमुख जिल्ला अधिकारी